## गाउँ कार्यपालिकाको १ (प्रथमं) बैठक / २०८३/०८४

मिति : २०८३ साल साउन १५ गते शुक्रबार — समय : बिहान : ७:३० बजे

अध्यक्षता : श्री किरण राई ( गाउँपालिका अध्यक्ष ) — स्थान : पौवादुङमा गाउँपालिका

उपस्थिती

| क्र. सं. | पदाधिकारीको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | किरण राई | अध्यक्ष | |
| २ | ज्योत्सना राई | उपाध्यक्ष | |
| ३ | राजेन्द्र तामाङ | सदस्य | |
| ४ | हरेन्द्र बहादुर पौडेल | सदस्य | |
| ५ | तिर्थ बहादुर कार्की | सदस्य | |
| ६ | रमेश राई | सदस्य | |
| ७ | बोम प्रसाद राई | सदस्य | |
| ८ | दक्ष कुमार राई | सदस्य | |
| ९ | पोसी शेर्पा | सदस्य | |
| १० | ईन्दिरा भट्टराई | सदस्य | |
| ११ | पवित्र भुजेल | सदस्य | |
| १२ | लक्ष्मी तामाङ के. सी. | सदस्य | |
| १३ | अमित देवी राई | सदस्य | |
| १४ | गोमा बोहोरा (सार्की) | सदस्य | |
| १५ | नविन भट्टराई | सदस्य सचिव | |

सचिवालय सहयोगी कर्मचारी

१. बैठक व्यवस्थापन तथा माईन्यूट सहयोगी श्री बुद्धिमान तामाङ

प्रस्तावहरु

(क) अघिल्लो बैठकको समिक्षा सम्वन्धमा ।

(ख) उद्योग दर्ता सिफारिस सम्वन्धमा

(ग) ई-हाजिरी कार्यान्वयन सम्वन्धमा ।

(घ खरिद योजना तयारी सम्वन्धमा ।

(ङ) अन्य विविध प्रस्ताव सम्वन्धमा ।

नविन भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

किरण राई
अध्यक्ष

मिति २०८३ साल श्रावण १५ मा सम्पन्न १ (प्रथमं) कार्यपालिका बैठकबाट पारीत निर्णयहरु :

निर्णय नं. १

गाउँ कार्यपालिकाको उनन्तीसौं बैठकबाट पारीत निर्णयहरु कार्यान्वयनको सन्दर्भमा समिक्षात्मक छलफल भई जानकारी भयो ।

निर्णय नं. २

पौवादुङमा गाउँपालिका अन्तरगत वडा नं. ४ र ६ स्थित पिखुवा खोलामा टक्सार क्यास्केट पावर प्रा. लि. द्वारा सुपर टक्सार पिखुवा जलबिद्युत आयोजना (९.३ मे.वा.) विद्युत उत्पादनका लागि सर्वेक्षण अनुमती सहित उद्योग दर्ता सिफारिस माग भई आएको हुँदा कुनै पनि सार्वजनिक निकाय, निजी सम्पत्ति, सडक संरचना, बन क्षेत्र, खानेपानी मुहान, नदिनाला लगायतका प्राकृतिक बाताबरणीय रुपमा प्रतिकुल असर नपर्ने गरी बिद्युत उत्पादन गर्नको लागि उद्योग दर्ता प्रयोजनार्थ सिफारिस उपलब्ध गराउने सर्व सम्मत निर्णय गरियो ।

निर्णय नं. ३

नेपाल सरकारको नीति तथा कार्यक्रम अनुसार यस गाउँपालिका र अन्तरगतका सेवा केन्द्रहरुबाट नागरिकहरुलाई उपलब्ध गराईने सेवा प्रवाहमा चुस्त दुरुस्त र अझ प्रभावकारी बनाउने उद्देश्यका साथ कर्मचारीहरुलाई कार्यालयमा समयमा उपस्थित हुने र बहिर्गमन हुने समयको मूल्याङ्कनका लागि यहि २०८३ भाद्र महिनादेखि बायोमेट्रिक हाजिरी जडान गरी कार्यान्वयनमा ल्याउने सर्व सम्मत निर्णय गरियो ।

निर्णय नं. ४

पौवादुङमा गाउँपालिकाको गौरवको आयोजनाको रुपमा रहेको निम्न आयोजनाहरुको बिस्तृत परियोजना प्रतिवेदन र प्रारम्भिक वातावरणीय परीक्षण गरी सोको प्रतिवेदन समेत तयार भई कार्यान्वयनको चरणमा रहेकोमा बजेट अभावको कारण निर्माण कार्य अगाढी बढाउन नसकिएकोले बिस्तृत गुरुयोजना अनुसारको आवश्यक बजेट सुनिश्चितता गरिदिन हुनका लागि सम्वन्धित मन्त्रालय तथा विभागमा अनुरोध गरि पठाउने सर्व सम्मत निर्णय गरियो ।

तपसिल

| सि. नं. | कार्यक्रम तथा आयोजनाको नाम | आयोजना स्थल |
|---|---|---|
| १ | तिवारीभन्ज्याङ्ग - बास्तीम - मानेडाँडा - अँधेरीघाट (पञ्चकन्या कृषि सडक) सडक | पौवादुङमा गाउँपालिका स्तरीय |
| २ | पौवादुङमा रंगशाला निर्माण | पौवादुङमा गाउँपालिका स्तरीय |

निर्णय नं. ५

गाउँपालिकाको नीति तथा कार्यक्रम अनुसार यस आ. व. २०८३/०८४ मा स्वीकृत कार्यक्रमहरु कार्यान्वयनका लागि सार्वजनिक खरिद ऐन, २०६३ एवं नियमावली, २०६४ बमोजिमको बार्षिक खरिद योजना तयार गरी स्वीकृतीका लागि अर्को गाउँ कार्यपालिका बैठकमा पेश गर्ने सर्व सम्मत निर्णय गरियो ।

प्रस्तुत प्रस्ताव माथिको छलफल समाप्त भएकोले आजको बैठक समापन गरियो ।

नविन भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

किरण राई
अध्यक्ष